आज मिति २०८० साल जेठ ५ गते दिनको १: ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को चौधौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनविर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) निर्देशिका स्वीकृत सम्बन्धमा ।

२) पुन: एकिकरण कार्यक्रम सम्बन्धमा ।

३) १५ शंया अस्पताल सम्बन्धमा ।

४) विविध छलफल सम्बन्धमा।

## २०८० जेठ ५ गते बसेको चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निंर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | निर्देशिका स्वीकृत सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक रहेको निर्देशिका स्वीकृत गरि कार्यान्वियन गर्नुपर्ने । | कानुन मस्यौदा कार्यदलबाट छलफल भई स्वीकृतका लागि गाउँ कार्यपालिका वैठकमा पेश भएका "अल्पकालीन सेवा केन्द्र तथा सुरक्षित आवास गृह सञ्चालन निर्देशिका, २०८०" स्वीकृति गरी तत्काल राजपत्रमा प्रकाशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | पुन: एकिकरण कार्यक्रम सम्बन्धमा । | पुन: एकिकरण कार्यक्रमको लागत साझेदारी गर्नुपर्ने । | वैदेशिक रोजगार बोर्डको सचिवालयबाट पुन: एकीकरण कार्यक्रम सञ्चालनका लागि प्राप्त रु २५८००००।- (अक्षरुपी पच्चिस लाख असी हजार मात्र) ७०% प्राप्त भएको र यस गाउँपालिकावाट पेश भएको प्रस्तावना पत्रमा प्रतिवद्धता गरे अनुरुपको गाउँपालिकाले साँझेदार गर्नु पर्ने रकम रु ११०५७१४।- (अक्षरुपी एघार लाख पाँच हजार सात सय चौध रुपैया मात्र) चालु आर्थिक वर्षमा वित्तीय चाँप भएको कारण बजेट निर्माण र संशोधनका वखत यस कार्यक्रमकालागि छुट्टै वजेट विनियोजन गर्न नसकिएको हुँदा प्रतिवद्धता अनुसार साझेदारी गर्न नसकिने देखिएको र आगामी आर्थिक वर्षहरुमा प्रतिवद्धता अनुसारकै वजेटको सुनिश्चताका लागि मिति २०८०/०२/०३ गते पुन: एकीकरण कार्यक्रम सञ्चालन कार्यान्वयन समितिले निर्णय गरि गाउँ कार्यपालिकामा सिफारिस गरेको हुदाँ सोही सिफारिस बमोजिम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ३ | १५ शैया अस्पताल सम्बन्धमा । | १५ शैया अस्पताल निर्माणका लागि जग्गा छनौट गर्न आवश्यक रहेको । | गाउँपालिका स्तरीय १५ शैया अस्पताल निर्माणका लागि जग्गा छनौट कार्यदलले पेश गरेको प्रतिवेदन अनुसारकै जग्गालाई पून नापजाँच गरी क्षेत्रफल लगायतका दृष्टिले उपयुक्त देखिएको जग्गालाई रजिष्ट्रेशन पासको प्रकृया अगाडी बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | विविध छलफल सम्बन्धमा। | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) घर नक्सा अभिलेखिकरण सम्बन्धमा । | क) घर नक्सा अभिलेखिकरणको लागि २०८० असार मसान्त सम्म समयसीमा तोकी पुनः सूचना प्रकाशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

भगिराम बुढाथोकी
अध्यक्ष